नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः गणतन्त्र दिवस - २०८१
प्राप्त पत्र संख्या र मितिः-
८०३
च.नं.:-

मितिः २०८१।२।२
ने.स. ११४४

श्री जिल्ला प्रशासन कार्यालय, सबै।

विषय: गणतन्त्र दिवस मनाउने सम्बन्धमा ।

सदाझैं गणतन्त्र दिवस, २०८१ (जेठ १४, १५ र १६ गते तीन दिनसम्म) नेपाल राज्यभर र विदेशस्थित कुटनीतिक नियोगहरुमा समेत भव्यतासाथ मनाउने सन्दर्भमा गणतन्त्र दिवस, २०८१ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०८१।२।१ गते मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित तपसिल बमोजिमका कार्यक्रमसहित दिवस मनाउने व्यवस्था मिलाउनुहुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१. जेठ १४, १५ र १६ गते तीन दिनसम्म जिल्लास्थित सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघ-संस्थाका कार्यालयहरूको छत, बरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ सम्पूर्ण कार्यालयहरू र जिल्लावासीका घर-घरमा समेत दीप प्रज्ज्वलन गर्ने व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने ।

२. माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वको प्रदेशस्तरीय **गणतन्त्र दिवस समारोह समिति**, जिल्ला समन्वय प्रमुख संयोजकत्वको **जिल्लास्तरीय समिति** र स्थानीय पालिका प्रमुखको संयोजकत्वको **गणतन्त्र दिवस कार्यक्रम आयोजक समिति** द्वारा सञ्चालन हुने कार्यक्रमहरुमा आवश्यक समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था मिलाउने।

३. जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा स्वास्थ्य सेवा सम्बद्ध सरकारी, गैह्र सरकारी तथा सामुदायिक संघ-संस्थाद्वारा रक्तदान, स्वास्थ्य सचेतनामूलक कार्यक्रम एवम् स्थानीय तह र शिक्षा सम्बद्ध निकाय तथा संघ-संस्थाद्वारा फरक क्षमताका विद्यार्थीहरूका लागि हितकर शैक्षिक तथा खेलकुद सामग्री वितरण लगायतका कार्यक्रम आयोजना गर्न प्रोत्साहन, सहजीकरण र समुचित समन्वय गर्ने ।

४. उपयुक्त स्थान पहिचान गरी जिल्ला वन कार्यालयको सहयोग एवम् समन्वयमा स्थानीय तह एवम् सरकारी कार्यालयहरूबाट वृक्षारोपणका कार्यक्रम आयोजना गर्न आवश्यक सहजीकरण गर्ने।

५. लोकतन्त्र र गणतन्त्र प्राप्तिको आन्दोलनका शहीद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई स्थानीय तहहरूको सहयोग तथा समन्वयमा हुने सम्मान कार्यक्रममा आवश्यक सहजीकरण गर्ने ।

६. दिवस अवधिभर जिल्लामा रहेका सार्वजनिक महत्त्वका स्थानहरू, सामाजिक-सांस्कृतिक तथा ऐतिहासिक पूरातात्विक महत्त्वका सम्पदास्थलहरूको सरसफाइसहित परिसर एवम् संभाव्य स्थलहरूमा निर्वाचित जनप्रतिनिधि, स्थानीय समाजसेवी, राष्ट्रसेवक कर्मचारी एवम् सुरक्षाकर्मीहरू समेतको सामुहिक सहभागितामा साँझ दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने।

७. जिल्लामा आयोजना तथा सञ्चालन भएका दिवस सम्बद्ध कार्यक्रमहरूको संक्षिप्त विवरण मन्त्रालयको ईमेल ठेगाना officemanagementmoha@gmail.com मा संप्रेषण गर्ने।

(विश्वराज न्यौपाने)
उपसचिव

सादर अवगतार्थः
माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्रीज्यूको सचिवालय।
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

सम्पर्क नं: ०१-४२११२४०, ०१-४२११२५५
Email : officemanagementmoha@gmail.com